## बैठक नं. २

(बैठक संख्या ९९)

आज मिति २०८३/०४/१९ गते दिउँसो १:०० वजे गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | कार्यपालिका सदस्य | श्री ईश्वरी काफ्ले | |
| ४ | कार्यपालिका सदस्य | श्री चेत बहादुर सुनारी | |
| ५ | कार्यपालिका सदस्य | श्री थमन बहादुर गाहा | |
| ६ | कार्यपालिका सदस्य | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | कार्यपालिका सदस्य | श्री खुमकान्त बस्याल | |
| ८ | कार्यपालिका सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | कार्यपालिका सदस्य | श्री सरस्वती वि. क. | |
| १० | कार्यपालिका सदस्य | श्री विमला जि.आर | |
| ११ | कार्यपालिका सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | कार्यपालिका सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | कार्यपालिका सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | गाउँकार्यपालिका सचिव | श्री वीर बहादुर पुन | |
| १५ | अधिकृत सातौ | श्री बिमला गैहे | |
| १६ | कार्यालय सहयोगी | श्री गंगा बहादुर गाहा | |
| | | | |

CS CamScanner

**बैठक नं. २**

मितिः २०८३/०४/१९

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढिवाची सुनाउने कार्य भयो । साथै गत बैठकमा भएका निर्णयहरु कार्यान्वयन चरणमा रहेको व्यहोरा जानकारी समेत गरियो ।

**निर्णय नं २**

**आ.व. २०८२/०८३ को वार्षिक समिक्षा सम्बन्धमाः** रम्भा गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक स्वीकृत नीति, कार्यक्रम तथा योजना अनुसार सम्पादित बार्षिक कार्यक्रम र विकास आयोजनाको वित्तीय भौतिक तथा समग्र अवस्थाका सम्बन्धमा वार्षिक समिक्षा मिति २०८३/०४/२० गते हुने भनिएकोमा उक्त दिन प्राविधिक समस्याका कारण संचालन गर्न सम्भव नभएको हुदाँ मिति २०८३/०४/२६ गते बिहान ११ बजेबाट गाउँपालिकाको सभाहलमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

**आ.व. २०८३/०८४ को बजेट कार्यान्वयन सम्बन्धमाः** रम्भा गाउँपालिका गाउँसभाबाट स्वीकृत आ.व. २०८३/०८४ को आयोजना तथा कार्यक्रम यथाशिघ्र कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ४**

**मूहान दर्ता गर्ने सम्बन्धमाः** रम्भा गाउँपालिका वडा नं १ मा अवस्थित मजुवा खानेपानी तथा सरसफाई उपभोक्ता समितिले तिनधारे माथि फड्के मूल(क) मूहान दर्ताको लागि यस कार्यालयमा मिति २०८३/०३/०८ मा खानेपानी मूहान दर्ताको लागि दिएको निवेदन बमोजिम यस गाउँपालिकाबाट मिति २०८३/०३/०९ गते खानेपानी मूहान दर्ता गर्ने प्रयोजनार्थ ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएकोमा उक्त मूहान दर्ता गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भनि निवेदन पेश हुन नआएको हुदाँ तिनधारे माथि फड्के मूल(क) दर्ता प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ५**

**हेफर संस्थासँग साझेदारी गर्ने सम्बन्धमाः** रम्भा गाउँपालिकाको आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत साझेदारीमा आधारित कार्यक्रम अन्तर्गत रु ५००००००(अक्षेरेपि पचास लाख) भित्र रहि कृषि विकास(पूर्वाधार, प्रसार, रोग नियन्त्रण, अनुदान, नवप्रवर्द्धन, रैथानेवाली प्रवर्दन, तालिम) तथा पशु विकास क्षेत्रमा कार्यक्रम संचालनको लागि हेभर इन्टरनेशनल नेपाल हात्तिवन ललितपुर र गाउँपालिकाको साझेदारीमा कार्यक्रम अघि बढाउने निर्णय गरियो ।

CamScanner

**बैठक नं. २** **मिति: २०८३/०४/१९**

<u>**निर्णय नं ६**</u>

**गरिमा सामुदायिक सिकाइ केन्द्रलाई दिइएको अनुमति अनुमोदन प्रदान गर्ने सम्बन्धमाः** रम्भा गाउँपालिकाको गरीमा सामुदायिक सिकाइ केन्द्रको संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८३ अनुसार रम्भा गाउँपालिका वडा नं १ २ र ३ मा स्थापना भइ संचालनमा रहेको क्रमश पन्टार गरीमा सामुदायिक सिकाइ केन्द्र रम्भा १,कोटथर गरिमा सामुदायिक सिकाइ केन्द्र रम्भा २ र थानकुन गरिमा सामुदायिक सिकाइ केन्द्र रम्भा ३ संचालनका लागि दिइएको अनुमति अनुमोदन गर्ने निर्णय गरियो।

<u>**निर्णय नं ७**</u>

**कार्यालय स्थानान्तरण गर्ने सम्बन्धमाः** ३ नं वडा कार्यालयको भवनमा संचालित रम्भा गाउँपालिकाको कार्यालय पिपलडाँडा स्वास्थ्य चौकीको भवन नजिकै बनेको ट्रृष भवनबाट सेवा संचालन हुने गरि मिति २०८३/०५/१९ गते कार्यालय स्थानान्तरण गर्ने निर्णय गरियो।

<u>**निर्णय नं ८**</u>

**योगदानमा आधारीत सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमाः** रम्भा गाउँपालिकाको करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८३ बमोजिम सेवा करारमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्धताको लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो ।